परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ९ २०८२ असोज ५ आईतवार Sunday 21, SEP 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मोरंगमा संघिय २१, प्रदेश १४ स्थानीय १० गरी दर्जनौ सरकारी कार्यालय र निजी घरमा क्षति



भ्रष्टारचार विरुद्धको आन्दोलनमा क्षतिग्रत भएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कायालय विराटनगर । तस्वीर : श्रेय शर्मा

विराटनगर । भ्रष्टाचार विरुद्ध जेनजी यूवाहरुले भाद्र २३ र २४ गरेको आन्दोलनको क्रममा मोरंगमा रहेको सरकारी कार्यालयहरु मध्ये संघिय २१, प्रदेश १४, स्थानीय १० गरी जर्दनौ सरकारी कार्यालय तथा निजी घर, संस्थान, पार्टी कार्यालय र व्यापारीक भवनहरुमा आगजनी, तोडफोडमा क्षति हुनुका साथै लुटपाट समेत भएको छ ।

कोशी प्रदेशको मोरंग जिल्लामा संघिय कार्यालय ७३ बटा रहेकोमा त्यस मध्ये २१ वटा, प्रदेश कार्यालय ३९ बटा रहेकोमा १४ वटा, स्थानीय पालिका रहेकोमा १० बटा कार्यालय हरुमा आन्दोलनको क्रममा क्षति पुगी तोडफोड र लुटपाट समेत भएको छ ।

मोरंगमा जम्मा १५९ वटा वडाहरु रहेकोमा ५८ वटा वडा कार्यालयहरुमा समेत आगजनी, तोडफोड र लुटपाट गरी आन्दोलन कारीले क्षति पुऱ्याएको छ ।

त्यसैगरी निजीघरहरु १५ वटा, संस्थान, १ वटा (संचयकोष भवन), व्यापारीक भवन ३ वटा, अन्य संघसंस्था ४ वटा, राजनितीक पार्टी कार्यालय ८ वटामा आगजनी, तोडफोड र लुटपाट भएको छ ।

सुरक्षा निकायतर्फ जनपथ प्रहरी पोष्ट तथा कार्यालय १७ वटा, सशस्त्र प्रहरी पोष्ट ४ बटामा आगजानी, तोडफोड र लुटपाट भएको छ ।

आन्दोलनको क्रममा कोशी प्रदेशको राजधानी विराटनगरमा रहेको कोशी प्रदेश सभा सचिवाल,

वांकी अन्तिम पेजमा...

## संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्र सुदृढीकरणका लागि एकढिक्का भएर अगाडी बढ्न आह्वान

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा ऐतिहासिक संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्र सुदृढीकरण का लागि सबै राजनीतिक दल, नागरिक समाज र आम नेपाली जनतालाई एक ढिक्का भएर अघि बढ्न आह्वान गरेको छ ।

संविधान दिवस र राष्ट्रिय दिवस २०८२ लाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले भनेर सात दशकभन्दा लामो संघर्ष र बलिदानको परिणामस्वरूप वि.सं. २०७२ साल असोज ३ गते जन निर्वाचित संविधान सभा बाट जारी संविधान नेपाल को संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको आधारस्तम्भ हो र यसको रक्षा गर्न सबैले हातेमालो गरी अगाडि बढ्नुपर्ने वताए ।

उक्त अवसरमा मुख्यमन्त्री कार्कीले सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै भदौ २३ र २४ गते भ्रष्टाचार अन्त्य र सुशासन स्थापनाको माग गर्दै प्रदर्शनका क्रममा ज्यान गुमाएका युवाप्रति समेत हार्दिक श्रद्धाञ्जली प्रकट गरेका थिए ।

कोशी प्रदेश सरकार संविधानको पालना, कानुनको शासन, सुशासन र पारदर्शिता कायम गरी भ्रष्टाचार निवारण लागिपरेको चर्चा गर्दै उहाँले सामाजिक, आर्थिक

वांकी अन्तिम पेजमा...

## जेनजी आन्दोल संविधान संशोधन तर्फ

विराटनगर । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले जेनजी यूवाहरुको समूहले गरेको आन्दोलन संविधान संशोधन तर्फ रहेको वताएका छन् ।

भदौ २४ गते भएको आन्दोलनको क्रममा विराटनगर स्थित कोइरालाल निवासमा समेत आगजनी, तोडफोड र लुटपाट भएको सम्वन्धमा पत्रकारहरुसँगको भेटघाटमा उहाँले सो कुरा वताउँदै जेनजी आन्दोलनबाट भएको क्षतिको छानबिन हुनु पर्ने भन्दै भदौ २३ र २४ गते भएको घटनाको अलग-अलग छानबिन हुनु पर्ने वताए

संविधानमा कम क्षति हुने गरी राष्ट्रपति रामचन्द्र पौडेलद्वारा तत्कालीन समयमा चालिएको कदम ठिक छ भन्दै अहिले संविधानमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट कार्यकारी प्रधानमन्त्री छात्रुपर्ने प्रावधन नरहेको नेता डा. कोइरालाले बताए ।

उहाँले लोकतन्त्र र प्रजातन्त्रको धरोहर विराटनगर स्थितका कोइराला निवास जल्नु सामान्य कुरा नभएको भन्दै राणा काल देखि नै प्रजातन्त्र र लोकतन्त्रको लडाइ लड्दै आएको संस्था जल्नु दु:खद रहेको भन्दै भौतिक संरचना जलेपनि नेपाली कांग्रेसको इतिहास भने नजलेको जिकिर गर्दै सयमता अपनाउन सबैलाई आग्रह गरेका थिए ।

प्रदेश सभा भंग गर्ने प्रावधान संविधानमा नरहेको जिकिर गर्दै अहिले सरकारको लक्ष्य निर्वाचन गर्ने रहेको भन्द्रै नेपाली कांग्रेसको नेतृत्व हस्तान्तरण हुने विषयमा कुनै छलफल नभइको वताए ।

सरकारले सुशासन र भ्रष्टाचारका विषयमा गम्भीर भएको भए यसकिसिमको क्षति नहुने दावी गरेका थिए ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## मोरंगमा...

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, उच्च अदालत, जिल्ला अदालत विराटनगर, जिल्ला प्रशासन कार्यालय मोरङ, सडक डिभिजन कार्यालय, खेलकुद विकास वोर्ड, नापी शाखा, मालपोत कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कायालय, विराटनगर महानगर पालिका, वडा कार्यालयहरु अगाडी रहेको सवारी साधन तथा कार्यालय भित्र रहेको विद्युतीय सामग्री, कम्प्युटर, ल्यापटप, दराज, कुर्सी टेवल, कागजातहरुमा समेत तोडफोड र आगजनी गरी लुटपाट समेत गरेका थिए ।

त्यसैगरी कोइराला निवास, नेकपा एमालेको विराटनगर पाञ्चाली स्थित जिल्ला तथा प्रदेश पार्टी कार्यालय, माननीय ऋषिकेश पोखरेलको घर, कोशी प्रदेशसभा सदस्य जीवन आचार्यको विराटनगर स्थित घर, नेकपा एमाले पार्टीको केन्दीय सदस्य जीवन घिमिरे लगायतमा लुटपाट, आगजानी र लुटपाटगरी क्षति पुऱ्याएको थियो ।

विराटनगरको भाटभटेनी सुपरमार्केट, विराटनगर पुष्पलाल चौक स्थित पुष्पलाल श्रेष्ठको स्तम्भ तोडफोड, विराटनगर तीनपैनी स्थित सामुदायिक प्रहरीको विट, ट्राफिक चौकको प्रहरी विट, राष्ट्रिय बाणिज्य बैंक विराटनगर महानगर पालिकाको कार्यालयमा, कर कार्यालय विराटनगरमा पनि आगजानी, तोडफोड र लुटपाट भएको थियो ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ॥

# लेखापढीमा न्यौपाने निर्वाचित



विराटनगर । नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएसन इकाई समिति विराटनगरको अध्यक्षमा तेस्रो कार्यकालको लागि कञ्चन न्यौपाने पुन: निर्वाचित भएको छ ।

बुढीगंगा गाउँपालिकामा घर भएका न्यौपाने एशोसिएसनको लगातार शुक्रबार सम्पन्न भएको निर्वाचनमा न्यौपानेको प्यानल नै निर्वाचित भएको थियो । न्यौपाने २२० मतका साथ अध्यक्षमा विजयी भएको छ भने उहाँका निकतम प्रतिद्वन्दी लोकेन्द्रनाथ पोखरेलले ५४ मत मात्रै प्राप्त गरेका थिए

उपाध्यक्षमा नारायणबहादुर खत्री, सचिवमा तोयानाथ काफ्ले, सहसचिवमा अजय कुमार साह, कोषाध्यक्ष, हृदयकुमार राजवंशी र सहकोषाध्यक्ष हरेराम यादव निर्वाचित भएको छ ।

कार्यसमिति सदस्यमा आशनारायण चौधरी, जानकी कुमारी माझी, निरज यादव, वेदनाथ निरौला, मनोजकुमार थापा, रमेश कुमार यादव र सन्तोषकमार पूर्वे विजयी भएको छ ।

## संविधानको...

विकासलाई तीव्रता दिँदै समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नु अहिलेको अभिभारा भएको प्रष्ट पारेका थिए ।

संविधान कार्यान्वयनका क्रममा देखिएका समस्याहरूलाई विधिपूर्वक संविधान संशोधनमार्फत समाधान गर्दै राजनीतिक स्थिरता, सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम गर्न उहाँले आह्वान गरेका छन ।

मुख्यमन्त्री कार्कीले युवाहरूको ऊर्जा, सिर्जन शीलता र सीपलाई सदुपयोग गर्दै समृद्ध नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्न कोशी प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरेका थिए ।

संविधान दिवसले सबैलाई आवेग र उत्तेजना भन्दा माथि उठेर राष्ट्रको सर्वोपरि हितलाई केन्द्रमा राखी विवेकसम्मत ढङ्गले अघि बढ्न प्रेरणा दिने उहाँले विश्वास व्यक्त गर्नुभएको छ। प्रदेश सरकारले आज विविध कार्यक्रम गरी संविधान दिवस मनाएको छ ।

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सबारीसाधनमा क्षमता भन्दा बढी यात्रु नबोकौं र नचढौं,
- अनावश्यक संख्यामा सवारीसाधन संचालन नगरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ, लागुपदार्थ सेवन सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ, दि
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
संतोष बस्नेत (निर्माण व्यवसायी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावला र छठ
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
विवेक मालपानी
उद्योगी, व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
महेश कुमार साह स्वर्णकार (अध्यक्ष)
नेपाल सोनार समाज मोरंग, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
शिव सुन्दर ज्वेलर्स
परिवार रामजानकी पथ विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# जेनजीले उठाएको प्रश्न

नेपालको राजनीतिक ईतिहासमा सबभन्दा छोटो समय अर्थात ३६ घण्टाको जेनजी आन्दोलनले मुलुकमा प्रतिनिधि सभा विघटन गर्न बाध्य बनाई दिनुका साथै मुलुकमा गम्भीर राजनीतिक, सामाजिक र नैतिक प्रश्नहरू उठाइदिएको छ। भ्रष्टाचार, दुरुपयोग र सर्वसाधारणको अधिकारमाथि देखिएको अतिक्रमणविरुद्ध उठेको जेनजी आन्दोलनले जनतामा आशा सिर्जना गरेको छ।

जेनजी आन्दोलन केवल सडकमा भीड देखाउने वा नारा चिच्याउने मात्र होइन, राज्य सञ्चालन प्रणालीमा देखिएका गहिरा रोगहरूलाई चुनौती दिने अभियान पनि हो।नागरिकको पसिनाबाट संकलित कर भ्रष्ट्र नेताको विलासी जीवनमा खर्च हुनु, न्यायिक प्रक्रियामा ढिलासुस्ती, रोजगारीको कमी, तथा आम जनतालाई प्रभाव पार्ने नीतिगत निर्णयमा पारदर्शिताको अभाव कर्मचारीमा देखिएको भ्रष्टाचारले जनताको आक्रोश प्रस्फुटन भएको छ। जेनजी आन्दोलनले वास्तविक परिवर्तन ल्याउन सक्छ त ? इतिहासले देखाउँछ कि आन्दोलनहरू सफल हुन्छन् जब तिनले दीर्घकालीन रणनीति, संगठनात्मक अनुशासन र वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्छन्।

आन्दोलनले ठूलो सत्य उजागर गरेको छ। जनतामा अझै पनि न्याय, पारदर्शिता र परिवर्तनको चाहना उच्च छ। यदि आन्दोलनका नेतृत्वकर्ताले शुद्ध उद्देश्य, स्पष्ट खाका र जनताको विश्वास कायम गर्न सके भने यो आन्दोलन मुलुकको प्रणालीगत सुधारतर्फ मार्गदर्शक बन्न सक्छ। जेनजी आन्दोलनले देशलाई नयाँ दिशा दिने क्षमता बोकेको छ, तर यसको सफलताका लागि नेतृत्वको प्रतिबद्धता, जनताको निरन्तर साथ र राज्यको जिम्मेवार प्रतिक्रिया अनिवार्य हुनुपर्नेछ।

## साप्ताहिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : **तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन** (क, कि, कु, घ, ङ, छ, के, को, ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या** (टो, प, पी, पू, ष, ण, ठ, पे, पो) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला** (रा, री, रु, रे, रो, ता, ती, तु, ते) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक** (तो, ना, नि, नू, ने, नो, या, यि, यू): **आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु** (यो, भा, भी, भू, ध, फा, ढ, भे) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर** (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी) : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन** (दी, दु, थ, झ, ञ, दे, दो, च, ची) : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# सामाजिक सञ्जाल बन्दको प्रभाव पत्रकारिता र मिडियामा चुनौती र अवसर



रमेश कुमार बोहोरा

सञ्चार माध्यम मानव सभ्यताको आधारभूत स्तम्भ हो। गुफाभित्रको चित्र र प्रारम्भिक संकेतबाट सुरु भएको सूचना आदान प्रदानको यात्रा आज डिजिटल युगमा फेसबुक, ट्विटर, युट्युब, टिकटक, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालसम्म आइपुगेको छ। यस अवस्थामा मिडिया र सामाजिक सञ्जालको सम्बन्ध अलगिगन असम्भव छ। परम्परागत पत्रकारिता, अर्थतन्त्र, राजनीति, संस्कृति र दैनिक जीवन नै इन्टरनेट र सामाजिक सञ्जालको प्रभावमा लगातार परिवर्तन हुँदै आएको छ।

हालै सरकारले विदेशी सामाजिक सञ्जाल प्लेटफर्म लाई दर्ता प्रक्रिया पूरा नगरेका कारण फेसबुक, इन्स्टाग्राम, युट्युब, ट्विटर लगायत २६ वटा प्लेटफर्ममा तत्काल प्रभावमा रोक लगाएको छ। सरकारले यसको उद्देश्य सञ्चार सम्बन्धी कानूनको पालना गराउनु र भ्रामक समाचार फैलिनु, सामाजिक अस्थिरता बढ्नु जस्ता जोखिम रोक्नु रहेको बताएको छ। तर यसको प्रभाव केवल कानूनी कार्यान्वयनमा सीमित छैन यसले नेपाली मिडिया, पत्रकार र पाठक-दर्शक समुदायमा गहिरो असर पुऱ्याएको छ।

नेपालमा करिब ९० प्रतिशत इन्टरनेट प्रयोगकर्ताले समाचार र जानकारी सामाजिक सञ्जाल बाटै उपभोग गर्छन्। यस सन्दर्भमा सामाजिक सञ्जाल बन्द हुनु भनेको समाचार पहुँच तुरुन्त घट्नु मात्र होइन, विज्ञापन आम्दानी मा कमी, बहस र संवादको अवसरको अभाव, र स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष प्रभाव पर्नु हो।

मिडिया हाउसहरूले आफ्नो समाचार प्रचार प्रसारमा सामाजिक सञ्जालमा अत्यधिक निर्भरता देखाएका छन्। समाचार प्रकाशित भएलग त्तै फेसबुकमा सेयर हुन्छ, युट्युबमा भिडियो अपलोड हुन्छ, टिकटकमा छोटकरी क्लिप बनाइन्छ, र ट्विटर मार्फत बहस सुरु हुन्छ। यस्तो श्रृंखला बन्द हुँदा समाचारको पहुँच तुरुन्त घट्छ। डिजिटल विज्ञापनमा यसको प्रभाव विशाल छ। आजका अधिकांश मिडिया हाउसहरूले फेसबुक, युट्युब, इन्स्टाग्राममार्फत लाखौं भ्युल्याएर विज्ञापन दातालाई आकर्षित गर्छन्। सामाजिक सञ्जाल बन्द भएमा मिडियाको वित्तीय अवस्था कमजोर हुने र पत्रकारको रोजगारी गुम्ने जोखिम बढ्नेछ।

सामाजिक सञ्जालले समाचार मात्र होइन, बहस र प्रतिकृया दिने संस्कृति पनि विकास गरेको छ। पाठक हरूले समाचार प्रकाशित भएलगत्तै प्रतिक्रिया दिन्छन् प्रश्न सोध्छन् वा बहस सुरु गर्छन्। यसले पत्रकारलाई समाचार सुधार गर्न, थप अनुसन्धान गर्न वा नयाँ रिपोर्टिङ गर्न प्रेरित गरेको छ। सामाजिक सञ्जाल बन्द हुँदा यस्तो प्रत्यक्ष अन्तर्क्रिया हराउनेछ जसले पत्रकारिताको पारदर्शिता र लोकतान्त्रिक संवादमा असर पार्नेछ।

स्वतन्त्र पत्रकार र ब्लगरहरूको आवाज पनि सामाजिक सञ्जालमा निर्भर छ। ठूला मिडिया हाउसमा काम नगर्ने वा आफ्नै संरचना नभएका पत्रकारहरूले फेसबुक पेज, युट्युब च्यानल वा ट्विटरमार्फत स्वतन्त्र पत्रकारिता गर्दै आएका छन्। सामाजिक सञ्जाल बन्द हुँदा उनीहरूको आवाज पूर्ण रूपमा रोकिनेछ। केही सकारात्मक पक्ष पनि देखिन्छ। सामाजिक सञ्जाल बन्द हुँदा परम्परागत मिडिया समाचारपत्र, रेडियो, टेलिभिजन– फेरि प्राथमिक सूचना स्रोत बन्न सक्छ। तर यो अस्थायी मात्र हुनेछ किनभने डिजिटल माध्यमबाट सूचना उपभोग गर्ने बानी समाजमा स्थायी भइसकेको छ।

पत्रकारिताको गुणस्तरमा नयाँ मोड आउन सक्छ। अहिले मिडियाले 'trending' हेरेर समाचार बनाउने प्रवृत्ति बढाएको छ। सामाजिक सञ्जालमा बढी चर्चा पाएको विषयलाई मुख्य समाचार बनाइन्छ। सामाजिक सञ्जाल बन्द हुँदा मिडियाले आफ्नै अनुसन्धान, फिल्ड रिपोर्टिङ र सम्पादकीय प्राथमिकतामा ध्यान दिनुपर्ने हुन्छ। यसले पत्रकारितालाई गहिरो र अनुसन्धानमुखी बनाउन सक्छ जुन दीर्घकालीन रूपमा गुणस्तरीय पत्रकारिताको पक्षमा योगदान दिन्छ।

तर खतरा यतिमै सकिँदैन। राजनीतिक शक्ति वा सरकारले सामाजिक सञ्जाल नियन्त्रण गर्नु सहज बहाना बन्न सक्छ। आन्दोलन, विरोध प्रदर्शन वा संवेदनशील समाचारको बेला सामाजिक सञ्जाल बन्द गर्ने अभ्यास धेरै देशमा देखिएको छ। नेपालमा पनि सरकार कहिले टिकटक, कहिले फेसबुक र युट्युबमार्फत फैलिने भ्रामक समाचार रोक्ने बहाना बनाउँदै आएको तथ्य सार्वजनिक भइसकेको छ। यसले स्वतन्त्र प्रेस र लोकतान्त्रिक अभ्यासमा खतरा उत्पन्न गर्छ। सामाजिक सञ्जाल बन्दले मिडियालाई वैकल्पिक माध्यम निर्माण गर्न बाध्य पार्छ। मिडिया हाउसहरूले आफ्नै वेबसाइट, मोबाइल एप, इमेल न्यूजलेटर वा सदस्यता प्रणाली सुदृढ गर्नुपर्ने हुन्छ। यस्तो परिस्थिति दीर्घकालीन आत्मनिर्भरता विकासको अवसर दिन सक्छ।

सामाजिक सञ्जाल र मिडियाको सम्बन्ध द्वैध छ। अवसर, पहुँच र लोकतान्त्रिक अभ्यासको विशाल जग यससँग जोडिएको छ, तर निर्भरता, भ्रामक समाचार र राजनीतिक नियन्त्रणको खतरा पनि त्यत्तिकै छ। सामाजिक सञ्जाल बन्द हुँदा पहुँच र आम्दानी घट्छ, तर केही हदसम्म पत्रकारिताको मौलिकता र अनुसन्धान फर्किन सक्छ। दीर्घकालीन हिसाबले मिडियाले आफ्नो प्लेटफर्म, पाठक समुदाय र स्थायी मोडल निर्माण गर्न सके मात्र यस्तो चुनौतीमा स्थिर रहन सक्छ। नभए सामाजिक सञ्जाल बन्द हुँदा पत्रकारिता अधुरो हुने खतरा रहन्छ।

अन्तर्राष्ट्रिय सन्दर्भमा चीन, इरान, म्यानमार जस्ता मुलुकमा सामाजिक सञ्जाल नियन्त्रण वा बन्द गर्ने अभ्यास लामो समयदेखि देखिन्छ। यस्ता उदाहरणहरूले देखाउँछन् कि सामाजिक सञ्जालमाथि नियन्त्रण गर्नु केवल सूचना व्यवस्थापन मात्र नभई राजनीतिक शक्ति कायम राख्ने औजार बन्न सक्छ। लोकतान्त्रिक मुलुकमा यसले स्वतन्त्रता र नागरिक अधिकारमा प्रश्न उठाउँछ। सामाजिक सञ्जाल बन्द हुँदा मिडिया हाउसहरूले तत्काल आफ्नै डिजिटल प्लेटफर्ममा विश्वास गर्न सिक्नुपर्नेछ। पत्रकारिता मात्र नभई विज्ञापन, सदस्यता र पाठक संलग्नता व्यवस्थापन पनि चुनौतीपूर्ण हुनेछ। डिजिटल मिडिया विश्लेषक डा. हिमाल आचार्य भन्छन् "नेपालमा सामाजिक सञ्जाल बन्द हुनु एकदमै असामयिक र दीर्घकालीन दृष्टिकोणमा हानिकारक छ। यसले सूचना पहुँच घटाउँछ, तर सन्तुलित नियमन र स्वतन्त्रता कायम राखेर मात्र समाधान सम्भव छ।"

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# धार्मिक स्थानमा "चर्च" को परिचय

**श्याम सुन्दर सुतिहार**

चर्च इसाई धर्मावलम्बीहरूको पूजा गर्ने पवित्र स्थल हो। यहाँ उनीहरूले परमेश्वर (न्यम) प्रति आफ्नो आस्था व्यक्त गर्दछन्। चर्चलाई नेपालीमा कहिल`काहीं मसीही मन्दिर पनि भनिन्छ। चर्च केवल प्रार्थना गर्ने स्थलमात्र नभई इसाई धर्मका धर्मशिक्षा, सामुदायिक सेवा हो।

इसाई धर्मका तीन प्रमुख शाखाहरू-कैथोलिक, प्रोटेस्टन्ट र अङ्लिकन। यी तीनवटामा चर्चको संरचना र कार्यशैली केही फरक भएपनि मूल उद्देश्य एउटै हो।

चर्चका प्रकारहरू

इसाई धर्मको आस्था अनुसार चर्चहरू फरक-फरक परम्परा, पूजा पद्धति र संगठनात्मक संरचनाका आधारमा विभाजित छन्। इसाई धर्म संसारका प्रमुख धर्महरू मध्ये एक हो। यसका अनुयायीहरूलाई इसाई भनिन्छ। यस धर्मको मूल विश्वास अनुसार, येशू खीष्ट, परमेश्वरका पुत्र हुन्, जसले मानव जातिको उद्धारका लागि संसारमा जन्म लिनु भयो। उनको जीवन, शिक्षाहरू, क्रूसमा चढाइ (बलिदान), मृत्यु र पुनरुत्थान इसाई धर्मका मूल स्तम्भ हुन्।

इसाई धर्मको पवित्र ग्रन्थ बाइबलहो, जसमादुई भाग छन–पुरानो नियमन र नयाँनियमन गर्ने धर्मले प्रेम, क्षमा, सेवा, दया र सत्यमाआधारित जीवनबाँच्न प्रेरणा दिन्छ।

१. क्याथोलिक चर्च : सबैभन्दा पुरानो र ठूलो मानिने कैथोलिक चर्चले पोपलाई धार्मिक सर्वोच्च नेता मानेको हुन्छ। यसको पूजा पद्धति परम्परागत, विधिवत् र अनुशासित हुन्छ। यसमा मूर्तिचित्र, धूप, मैनबत्ती र भव्य समारोहको प्रयोग गरिन्छ। संसारभर कैथोलिक धर्मावलम्बी हरूको ठूलो संख्याले यही चर्चलाई अनुसरण गर्छन्। नेपालमा पनि केही प्रमुख कैथोलिक चर्चहरू, ललितपुरमा छन्।

२. प्रोटेस्टन्ट चर्च : प्रोटेस्टन्ट चर्च १६ औं शताब्दीमा भएको सुधार आन्दोलन पछि विकसित भएको हो। यस माबाइबलको प्रत्यक्ष अध्ययन, व्यक्तिगत विश्वास र सरलीकृत पूजा विधिलाई प्राथमिकता दिइन्छ। मूर्तिको प्रयोग न्यून हुन्छ वा हुँदैन। गीत, प्रार्थना तथा प्रवचन मार्फत आराधना गरिन्छ। प्रोटेस्टेन्ट चर्चहरूमा पादरीको भूमिका भन्दा समुदायको सहभागितामा जोड दिइन्छ।

३.अङ्लिकन चर्च : प्रोटेस्टन्ट र कैथोलिक शैलीको मिश्रण जस्तै देखिन्छ। यो परम्परा बेलायतमा उत्पन्न भएको हो। यसको पूजा प्रणालीमा केही कैथोलिक अनुशासन झल्कन्छ। केही प्रोटेस्टन्ट सरलीकरण पनि देखिन्छ। यसले सन्तुलित रूपमा विधिवत् र आत्मिक आराधनालाई जोड दिन्छ। विभिन्न आस्थाका मानिसहरूलाई एकैसाथ जोड्न सकेको छ।

४.इभान्जेलिकलवा पेन्टे कोस्टल चर्चहरू : यस्ता प्रकारका पछिल्ला दशकहरूमा विशेष लोकप्रिय भएका छन्। यी चर्चहरूमा पवित्र आत्माको अनुभव, चमत्कार, भावनात्मक प्रार्थना, आत्मिक उपचार र आत्म परिवर्तनमा विशेष जोड दिइन्छ। गीत-सङ्गीत, नाचगान, हात उठाएर प्रार्थना गर्ने शैली यहाँ सामान्य हुन्छ। यस्ता चर्चहरू युवाहरूमा लोकप्रिय छन्। यिनीहरू सामुदायिक सेवा, नयाँ विश्वास ल्याउने कार्यमा पनि सक्रिय देखिन्छन्।

इसाई धर्मले विश्वास गर्छ कि मानिसले येशू खीष्टमा विश्वास गरेर पापबाट छुटकारा पाउन सक्छ र मोक्ष (अनन्त जीवन) प्राप्त गर्न सक्छ। यस धर्मले सम्पूर्ण मानव जातिलाई प्रेम, मेलमिलाप र सेवा गर्न सिकाउँछ।



धनपालथान-३ मा डकुवाडंगामा रहेको चर्च

चर्चमागरिने प्रार्थना र पूजाविधि

चर्चमा गरिने पूजा विधिलाई इसाई धर्ममा "सेवा, प्रार्थना वावन्दना भनिन्छ, जुन फरक-फरक तरिकाले सम्पन्न हुन्छ।

१. सामूहिक प्रार्थना : हरेक आइतबार चर्चमा भेलाभई सामूहिक रूपमा परमेश्वरको आराधना गरिन्छ।

२. बाइबल पाठ : पवित्र धर्मग्रन्थ बाइबल बाटोबाट एउटा अंश पढिन्छ। त्यसको व्याख्या गरिन्छ।

३. भजन र गीत : धर्मगान गाएर प्रभुलाई स्मरण गरिन्छ। कयौं चर्चमा संगीतका साथ आराधना हुन्छ।

४. प्रवचन : पादरीले नैतिक शिक्षा, प्रेम, शान्ति र विश्वासको सन्देश दिनुहुन्छ।

# लागुऔषध सहित ७ पक्राउ

विराटनगर। भोजपुर, सुनसरी र झापाको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागूऔषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

बुधबारका दिन भोजपुरको प्रहरी चौकी हसनपुरबाट खटिएको प्रहरी टोलीले को.३७ प ४५७८ नम्बरको मोटरसाईकल चेकजाँच गर्ने क्रममा १२ किलोग्राम लागू औषध गाँजा बरामद भएकोले चालक झापाको शिवसताक्षी नगरपालिका-७ का रुद्र बहादुर कामी, मोटरसाईकल पछाडि सवार उर्लावारी नगरपालिका-५ का संतोष विश्वकर्मा र झापाको कन्काई नगरपालिका-४ का राजेश चौहानलाई नियन्त्रणमा लिएको थियो।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सुनसरीले चेकजाँचको क्रममा लगू औषध ब्राउनसुगर १ ग्राम ७४ मिलिग्राम र ट्रामाडोल ४ सय ४० क्याप्सुल सहित २ जना वालकलाई र इलाका प्रहरी कार्यालय रानीले विराटनगर-१६ स्थितबाट उदयपुरको चौदण्डीगढी नगरपालिका-२ का शेर बहादुर खड्कालाई ९३ मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी झापाको झापा गाउँपालिका-४ स्थितबाट लागू औषध ब्राउन सुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो। शुक्रवार प्रहरी चौकी टाघनडुब्बाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सोहि स्थानको २२ बर्षीय फिरोज आलमको साथबाट ३ ग्राम ९ मिलीग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका सबैजनाको थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
रमेश मिश्रा(प्रमुख)
डि.ए.भी स्कुल परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
नरेश राठी
उद्योगी व्यवसायी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि ंगलमय शुभकामना व्यक्त 
कन्चन न्यौपाने (अध्यक्ष)
लेखापढी कानुन व्यवसायी एशोसिएसन इकाई समिति परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
राजन खत्री(प्रमुख)
विराट हेल्थ कलेज परिवार, विराटनगर

# धनपालथानमा ३ करोड ८ लाखको क्षति



धनपालथान गाउँपालिका को क्षतिग्रस्त सभाहल

विराटनगर। भ्रष्टाचार लगायतको वेतिथीहरूको विरूद्धमा जेनजी यूवाहरूले गरेको आन्दोलनको क्रममा भएको आगजनी, तोडफाड र लुटपाटका कारण मोरंगको धनपालथान गाउँपालिकामा अनुमानित ३ करोड ८ लाख बराबरको क्षति भएको छ।

धनपालथान गाउँपालिकाको कार्यालय सोराभागमा रहेको कार्यालय भवनको भुई तल्लाको बैठक हल लगायत कोठाहरू र माथिल्लो तल्लामा आगलागी बाट विद्युतीय उपकरण ल्यापटप, कम्प्युटर, फर्निचर, कागजपत्र, कुर्सी, टेवल, दराज जलेर नष्ट भएको छ भने भवनमा समेत क्षति पुगेको छ भने समानहरू तोडफाड र लुटपाट समेत भएको स्थानीयले वताए।

त्यसैगरी धनपालथान गाउँपालिकाको वडा नं. ४, ६ र ७ को कार्यालयमा समेत तोडफोड र आगजनी र लुटपाट भएको छ।

गाउँपालिकाका अध्यक्ष जीवछ प्रसाद गच्छदारका अनुसार तत्काल कार्यालय सञ्चालनका लागि अनुमानित ५० लाख खर्च हुने अवस्था छ। "अत्यावश्यक कामकाज अवरुद्ध भएकाले तत्काल वैकल्पिक व्यवस्था मिलाउनुपर्ने बाध्यता छ," अध्यक्ष गच्छदारले बताए।

आगजनी र तोडफोडका कारण कार्यालयमा रहेका अभिलेख, फर्निचर, कम्प्युटर, आवश्यक कागजातलगायत नष्ट भएको अध्यक्ष गच्छदारको भनाइ छ। स्थानीय जनप्रतिनिधि र कर्मचारीले घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन।

स्थानीय सेवा प्रवाहमा ठूलो असर पारेको छ र गाउँपालिकाको नियमित कामकाज पुनः सञ्चालन गर्न तत्काल आवश्यक बजेट व्यवस्थापन गर्नु अपरिहार्य देखिएको छ।

नियमित कार्यालय संचालन र सेवा प्रवाह नेपालीहरुको महान चाडपर्व दशै पछि हुने अध्यक्ष गच्छदारले वताए।

# चोरीमा संलग्न ८ पक्राउ

विराटनगर। टेलिफोन तार र ट्याक्टर चोरीमा संलग्न रहेको आरोपमा प्रहरीले ८ जनालाई पक्राउ गरका छन्।

घटनाको विवरण अनुसार जिल्ला प्रहरी कार्यालय उदयपुरले ट्याक्टर चोरीमा संलग्न ३ जनालाई पक्राउ गरेको छ।

शुक्रवार उदयपुरको त्रियुगा नगरपालिका-१३ बहेडवा का देब नारायण चौधरीको घर अगाडी पार्किङ गरी राखेको स १ त २८२३ नम्बरको ट्याक्टर चोरी भएको जानकारी पाउनासाथ तत्काल खोजतलाशमा खटिएको प्रहरी टोलीले त्रियुगा-१३ फुलजोर स्थितबाट ट्याक्टर र ट्याक्टर चोरीमा संलग्न उदयपुको चौदण्डिगढी नगरपालिका-७ का २४ वर्षीय सुदिप चौधरी, चौदण्डिगढी-५ का २५ वर्षीय रोहित कुमार चौधरी र २४ वर्षीय चन्दन कुमार चौधरीलाई पक्राउ गरेको थियो।

उनीहरुले प्रयोग गरेको बा ६३ प ५४७५ नम्बरको स्कुटर सहित नियन्त्रणमा लिएको थियो। त्यसैगरी झापाको इलाका प्रहरी कार्यालय नकलबन्दाले टेलिफोनको तार चोरी गर्ने ५ जनाको समुहलाई प्रहरीले पक्राउ गरेको छ।

बुधवार गस्तिमा खटिएको प्रहरी प्रहरी टोलीले ५ वटा बोरामा प्याक गरीएको (अप्टिकल फाईभर टेलिफोन) को तार चोरी गरी नेपालबाट भारत तर्फ लादै गरेको अवस्थामा भारत दार्जिलिङका २४ बर्षीय कातिक अधिकारी, ३४ बर्षीय राहुल अधिकारी, झापाको बुद्धशान्ती गाउँपालिकाका २५ बर्षीय बिजय राजवंशी, कचनकबल गाउँपालिका-३ का ४२ बर्षीय संजय माझी र इलामको माई नगरपालिका-३ का २७ को दिनेश परियारलाई पक्राउ गरेको थियो।

पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
संतोष चौधरी
उद्योगी,व्यवसाय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
राजु गोयल
गोयल हाडवेयर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
लाईफ गार्ड हस्पिटल परिवार
विराटनगर, बरगाछी

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
AARYA NEURO HOSPITAL
KANCHANBARI, BIRATNAGAR–2

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
कार्यालय प्रमुख
विराटनगर दुग्ध वितरण आयोजना परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियलिटी
हस्पिटल प्रा.लि. विराटनगर परिवार

## सामाजिक...

सामाजिक सञ्जाल बन्द हुँदा पाठक र दर्शकले सूचना खोज्ने नयाँ उपाय अपनाउनेछन्। खएल, प्रोक्सी वा अन्य डिजिटल माध्यम प्रयोग गरेर समाचार खोज्ने चलन बढ्न सक्छ। यसले मिडियालाई वैकल्पिक वितरण माध्यममा ध्यान दिन प्रेरित गर्छ ।

पत्रकारहरूको दृष्टिकोण पनि रोचक छ । पत्रकार योगेन्द्र चौलागाईं भन्छन् "सामाजिक सञ्जाल बिना हाम्रो काम धेरै बढ्छ । हामीले आफ्नै च्यानल, वेबसाइट र सदस्यता प्रणाली सुदृढ गर्नुपर्नेछ । तर यसले अनुसन्धानमुखी पत्रकारितालाई थप बल प्रदान गर्ने मौका पनि दिन्छ ।" यसले नेपालको मिडिया परिदृश्यमा संरचनात्मक परिवर्तन ल्याउने सम्भावना देखाउँछ । डिजिटल विज्ञापनमा निर्भरता घटेर सदस्यता प्रणाली, डोनेशन र स्पोन्सरशिपमा आधारित आय प्रणाली विकास हुने सम्भावना बढ्छ । सामाजिक सञ्जाल बन्द हुनु केवल पहुँच र आम्दानीमा असर पुर्‍याउने विषय होइन । यसले पत्रकारिताको स्वरूप, स्वतन्त्रता, अनुसन्धानको गहिराइ र पाठकसँगको सम्बन्धमा दीर्घकालीन असर पार्छ । मिडियाले आफ्नै डिजिटल आधार बलियो बनाउँदा मात्र यस चुनौतीलाई अवसरमा बदल्न सक्नेछ ।

नेपालमा सामाजिक सञ्जाल बन्दको परिणामले देखाउँछ कि पत्रकारिता र डिजिटल प्लेटफर्मको सम्बन्ध अत्यन्त संवेदनशील र द्वैध छ । जहाँ अवसर, पहुँच, संवाद र लोकतान्त्रिक अभ्यास जोडिएको छ । त्यहाँ जोखिम, निर्भरता र राजनीतिक नियन्त्रणको खतरा पनि छ । दीर्घकालीन हिसाबले मिडियाले आफ्नो स्वतन्त्रता, पाठक समुदाय र स्थायी आय मोडल सुदृढ गर्न सिक्न आवश्यक छ । नभए सामाजिक सञ्जालको बन्दले पत्रकारिता अधुरो, अस्थिर र निर्भर बन्ने खतरा रहन्छ ।

सामाजिक सञ्जाल बन्दले नेपाली मिडिया र पत्रकारिताको संरचनात्मक कमजोरीलाई पनि उजागर गरेको छ । धेरै मिडिया हाउसले फेसबुक, युट्युब, इन्स्टाग्राममा मात्र निर्भर भएर आफ्नो समाचारको पहुँच सुनिश्चित गरेका छन् । आफ्नै वेबसाइट, मोबाइल एप, न्यूजलेटर वा सदस्यता प्रणालीमा लगानी नगरी डिजिटल प्लेटफर्ममा आधारित मोडल तयार गरिएको छ । यस्तो निर्भरता अस्थायी र जोखिमपूर्ण रहेको छ । सामाजिक सञ्जाल बन्द हुँदा पाठक र दर्शकहरूले नयाँ सूचना खोज्न समय र स्रोत खर्च गर्नेछन् । यसको परिणामस्वरूप मिडियालाई नयाँ वितरण प्रणाली विकास गर्न बाध्य पारिनेछ । दीर्घकालीन रूपमा यो परिस्थिति पत्रकारितालाई थप अनुसन्धानमुखी, गहिरो र स्वतन्त्र बनाउने अवसर पनि प्रदान गर्न सक्छ ।

सामाजिक सञ्जाल बन्द हुँदा राजनीतिक दबाब, भ्रामक समाचार नियन्त्रण र सूचना व्यवस्थापनको बहाना प्रयोग हुने सम्भावना बढ्छ । यस्ता निर्णयले स्वतन्त्र प्रेस र लोकतान्त्रिक अभ्यासमा प्रत्यक्ष असर पार्छ । यसको सकारात्मक पक्ष भनेको मिडियालाई आफ्नो आधार बलियो बनाउन, डिजिटल प्लेटफर्ममा विश्वास बढाउन, सदस्यता र पाठक संलग्नता प्रणाली विकास गर्न प्रेरित गर्नु हो ।

मिडिया र सामाजिक सञ्जालको सम्बन्ध द्वैध छ । अवसर र चुनौती, पहुँच र नियन्त्रण, स्वतन्त्रता र निर्भरता सामाजिक सञ्जाल बन्द हुँदा स्पष्ट देखिन्छ । पहुँच र आम्दानी घट्छ, तर दीर्घकालीन रूपमा पत्रकारिताको मौलिकता, अनुसन्धान र स्वतन्त्रता बलियो बनाउन सकिन्छ । मिडियाले आफ्नो प्लेटफर्म, पाठक समुदाय र आय मोडल सुदृढ गर्न सके मात्र यस्तो चुनौतीलाई अवसरमा बदल्न सक्नेछ । नभए सामाजिक सञ्जाल बन्द हुँदा पत्रकारिता अधुरो, अस्थिर र निर्भर बन्ने खतरा रहन्छ ।(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)




## ५३८ किलो गाँजा बोकेको सवारी साधन बरामद



विराटनगर । ५ सय ३८ किलो लागुऔषध गाँजा बोकेको सवारी साधन प्रहरीले बरामद गरेका छन ।

मोरङ विराटनगर महानगर पालिका वडा नं ८ स्थित हाटखोलाको बाटोमा शंकास्पद अवस्थामा रहेको भन्ने जानकारी पाउनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी टोली खटि गई चेकजाँच गर्दा बरामद गरेको थियो ।प्रदेश-१-०२-००१ च १६६६ नम्बरको सिल्भर कलरको कारमा लोड गरी राखेको अवस्थामा रहेको लागु औषध गाँजा बेवारिसे अवस्थामा फेला पारी गाडी सहित बरामद गरेको थियो ।

उक्त गाडीका साथै चालक तथा कारोबारमा संलग्न व्यक्तिहरुको खोजतलाश कार्य भईरहेको भईरहेको प्रहरीले जनाएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
दिनबन्धु गोयल
समाज सेवी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
नन्दकिशोर राठी (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सुरक्षा अस्पताल प्रा.लि. परिवार
विरेन्द्र सभागृह अगाडी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सगरमाथा उच्च माध्यमिक विद्यालय
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
पूर्वाञ्चल जल उद्योग
परिवार शान्ति चौक, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
मेरील्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर